# आर्थिक वर्ष २०८१/८२
# को
# बजेट वक्तव्य


पञ्चदेवल विनायक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम



२०८१

नगरसभाबाट पारित भएको मितिः २०८१/०३/१० गते

पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशनमा २०८१ साल असार १० गते
सोमबारका दिन नगर उप-प्रमुख श्री हर्क बहादुर रावलले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/८२ को
# बजेट वक्तव्य

पञ्चदेवल विनायक नगरपालिका

## पञ्चदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विनायक, अछाम
### सुदूरपश्चिम प्रदेश, नेपाल
### २०८१

www.panchadewalbinayakmun.gov.np

**नगरसभाका आदरणिय अध्यक्षज्यू र नगरसभाका सदस्य ज्यूहरु,**

१. यस गरिमामय सम्मानित नगरसभाको बाहौं अधिवेशनमा पञ्चदेवल विनायक नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र आन्दोलनहरुको नेतृत्व गर्नुहुने सबै अग्रज नेताहरुप्रति हार्दिक कृतज्ञता एवं उच्च सम्मान व्यक्त गर्दछु ।

३. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या, आर्थिक चुनौतीहरु र हाम्रो नगरपालिकामा समेत पर्ने प्रभावहरुलाई सम्बोधन हुने गरी आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको छु । आम नगरवासी जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत र पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउनेतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. आगामी बजेट नगरवासी जनताको समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न नै लक्षित हुनेछ । बेरोजगार युवाहरुलाई पालिकाभित्रै लघु उद्यमका सिप विकासमार्फत आर्थिक गतिविधिमा आबद्ध हुन प्रेरित गर्ने, उद्यमशिलता विकास गरी गरीबि न्यूनिकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, तीनै तहका सरकारका साझा अधिकारहरु, एकल अधिकारहरु, स्थानीय सरकारको वार्षिक नीति तथा कार्यक्रम र विषयगत समितिहरु लगायत कार्यपालिकाबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । यसैगरी संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, स्थानीय राजनीतिक दल, संघ-संस्था, आम नागरिक, निजी क्षेत्र, सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय जनअपेक्षालाई सम्बोधन गर्नेगरी नगरवासीहरुमा आशा र भरोसा जगाउने विश्वास लिएको छु । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, विकास साझेदार संघ-संस्था, निजी क्षेत्र, सञ्चार जगत र आम नगरवासी नागरिकहरुको सहयोग र ऐक्यवद्धताबाट बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**सभा अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- चालु आर्थिक वर्षमा कुल विनियोजित बजेट रु. ६१ करोड ४० लाख ९१ हजार २ सय ५७ रुपैया ६८ पैसाको अर्थात विनियोजनको ७० प्रतिशत खर्च हुने अनुमान छ । कूल बजेट खर्च मध्ये चालु खर्च रु. ३४ करोड ४० लाख ६४ हजार १ सय १३ अर्थात विनियोजनको ८० प्रतिशत र पुँजिगत खर्च रु. ९ करोड ८४ लाख ६ हजार ६ सय ६६ अर्थात विनियोजनको ६० प्रतिशत खर्च हुने संसोधित अनुमान रहेको छ ।

- अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सामाजिक सुरक्षा, प्रशासनिक पूर्वाधार भवन निर्माण, गरीबसँग विश्वेश्वर कार्यक्रम र दिर्घ रोगी उपचार खर्चतर्फ गरी कुल विनियोजित बजेट रु. १४ करोड १३ लाख ७९ हजारको ८९.४४ प्रतिशत अर्थात रु. १२ करोड ६४ लाख ५३ हजार सात सय एकाउन्न खर्च हुने अनुमान छ ।

- चालु आर्थिक वर्षमा राजश्व संकलन रु. ९० लाख ४१ हजार ७ सय ५० हुने संसोधित अनुमान रहेकोमा रु. ५५,००,०००/- संकलनको अनुमान रहेको छ । यो लक्ष्यको ६०.८२ प्रतिशतले संकलन हुने अनुमान छ । खासगरी राजश्व संकलनका लागि आवश्यक कानूनी जटिलता, नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा जनशक्तिको अभाव तथा करदाताहरुमा कर तिर्ने बानीको विकास हुन नसक्नु लगायतका विविध कारणले राजश्व संकलन कमजोर रहन गएको छ ।

**सभा अध्यक्षज्यू,**

अब म नगरपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- संघीय व्यवस्थामा रहेका संरचनागत तथा केही नीतिगत कारणबाट नगरपालिकाको वित्तीय समानीकरण बजेट यस वर्ष पनि वृद्धि हुन सकेन र आगामी वर्षको सशर्त अनुदान बजेट समेत घटेर आएको छ ।

- वित्तीय समानीकरण अनुदान वृद्धि नहुँदा नगरपालिकाले लिएको विकास निर्माणको गति अर्थात पुँजिगत खर्च बढाउन सकेको छैन । तसर्थ, यस पटक आयोजनाको पूर्व तयारी र प्राथमिकिकरण गरी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

- चालु आर्थिक वर्षमा पनि राजश्व संकलन लक्ष्य भन्दा कम नै छ । राजश्व प्रणालीमा व्यापक सुधार, चुहावट नियन्त्रण र करको दायरा केही विस्तार गरी राजश्व परिचालन वृद्धि गर्नु पर्नेतर्फ निकै काम गर्नुपर्ने देखिन्छ ।

- पुँजिगत खर्च प्रतिशत बढाउन, गुणस्तरिय आयोजना निर्माण गर्न तथा सार्वजनिक प्रशासनलाई नतिजामुखि बनाउन दक्ष र पर्याप्त कर्मचारीको पुर्ति गर्न तथा योजनाहरुको कार्यसम्पादन व्यवस्थित गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

- कर्णाली नदीमा रहेको ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि IEE को काम सम्पन्न भैसकेकाले आन्तरिक राजश्व संकलनमा वृद्धि हुने विश्वास लिएको छु ।

- चालु खर्चलाई वाञ्छित सिमा भित्र राख्ने, दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यकासाथ बजेटमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई मनन गर्दै नगरपालिकामा रोजगारीका अवसर सिर्जना गर्ने, आर्थिक उत्पादन र सामाजिक पूर्वाधार निर्माण गरी नगरपालिकाको समग्र विकासको आधार तयार गर्नेतर्फ बजेट विनियोजनलाई जोड दिएको छ ।

**आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः**

क. स्थानीय पूर्वाधारको विकास गर्ने,
ख. गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
ग. रोजगारीका अवसर सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने,
घ. चालु खर्चमा मितव्ययिता कायम गर्ने र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धी गर्ने ।

**बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छनः**

क. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
ख. मानव संशाधन विकास र रोजगारी सिर्जना,
ग. कृषि, पशु र लघु उद्यम क्षेत्रको विकास गर्ने,
घ. शुद्ध खानेपानीको पहुँच वृद्धि गर्ने,
ङ. वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन गर्ने,
च. गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

**सभा अध्यक्ष महोदय,**

अब म यस पञ्चदेवल विनायक नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को आय व्यय विवरण र बजेट विनियोजन प्रस्तुत गर्न गइरहेको छु ।

## आ.व. २०८१/८२ को आय व्यय विवरण

| आम्दानीतर्फ | | | खर्चतर्फ | |
|---|---|---|---|---|
| **क्र.सं.** | **आयका शिर्षकहरु** | **बजेट** | **खर्चका शिर्षकहरु** | **बजेट** |
| १. | संघीय सरकार - वित्तिय समानिकरण अनुदान | रु. ९,२२,००,००० /- | प्रशासनिक चालु/पुँजिगत खर्च | रु. ९,२३,३०,००० /- |
| २. | संघीय सरकार - सशर्त अनुदान (चालु) | रु. २६,११,४३,००० /- | संघीय सरकार - सशर्त अनुदान (चालु) | रु. २६,११,४३,००० /- |
| ३. | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | रु. १०,००,००० /- | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | रु. १०,००,००० /- |
| ४. | संघीय सरकार - विशेष अनुदान | ० | संघीय सरकार - विशेष अनुदान | ० |
| ५. | संघीय सरकार - समपुरक अनुदान | रु. १,००,००,००० /- | संघीय सरकार - समपुरक अनुदान | रु. ३,८४,००,००० /- |
| ६. | संघीय सरकार - राजश्व बाँडफाँड | रु. १०,९९,००,००० /- | विषयगत शाखा कार्यक्रम खर्च | रु. ५,१८,००,००० /- |
| ७. | प्रदेश सरकार - वित्तिय समानिकरण | रु. ८०,४२,००० /- | पुँजिगत खर्च - नगर कार्यपालिकातर्फ | |

| | | | | |
|---|---|---|---|---|
| ८. | प्रदेश सरकार - राजश्व बाँडफाँड | रु. ५२,०२,००० /- | पुँजिगत खर्च - वडातर्फ | रु. ३,२४,४५,००० /- |
| ९. | प्रदेश सरकार - विशेष अनुदान | रु. ५५,००,००० /- | प्रदेश सरकार - विशेष अनुदान | रु. ५५,००,००० /- |
| १०. | प्रदेश सरकार - समपुरक अनुदान | रु. ९२,००,००० /- | प्रदेश सरकार - समपुरक अनुदान | ० |
| ११. | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | रु. ६८,००,००० /- | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | रु. ६८,००,००० /- |
| १२. | नगरपालिकाको आ.व. २०८१/८२ को आन्तरिक आय (अनुमानित) | रु. १,३५,००,००० /- | खानेपानी आयोजना साझेदारी | रु. १,००,००,००० /- |
| १३. | नगद मौज्दात | - | नगरपालिका स्तरीय कार्यक्रम खर्च | रु. २,५२,५०,००० /- |
| १४. | प्रदेश सरकार चालु कार्यक्रम अनुदान | रु. ५,५०,००० /- | प्रदेश सरकार चालु कार्यक्रम अनुदान | रु. ५,५०,००० /- |
| १५. | सामाजिक सुरक्षा तथा संरक्षण | रु. १३,४८,६४,००० /- | सामाजिक सुरक्षा तथा संरक्षण | रु. १३,४८,६४,००० /- |
| **जम्मा** | | **रु. ६५,७९,०१,००० /-** | **जम्मा** | **रु. ६६,००,८२,००० /-** |

## आ.व. २०८१/८२ को बजेट विनियोजन

### १. आर्थिक विकासतर्फ:

- उत्पादनमा आधारित कृषि कार्यक्रम, कृषकलाई न्यूनतम अनुदानमा मौसम अनुसारका उन्नत अन्न बालि, तरकारी बालि र फलफूलका बिरुवा साथै विषादी व्यवस्थापन गरी कृषकको घरमा कृषि प्राविधिक कार्यक्रम सञ्चालन गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

- पशुजन्य महामारी रोग नियन्त्रण गर्न, पशु आहार व्यवस्थापन, उन्नत जातका पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरी नगरवासीलाई पशुपालन व्यवसायमा आकर्षित गर्न अनुदानमा आधारित रु. २० लाख बजेट विनियोजन गरेको छु ।

- नगरपालिकामा विभिन्न लघु उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरी रोजगारी अभिवृद्धि गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत् न्यूनतम १०० दिनको रोजगारी सिर्जनाका लागि ५६ लाख ५२ हजार सशर्त बजेट कार्यान्वयन गरिनेछ ।

- रोजगारीमा खटिने श्रमिकहरुलाई अभिमुखीकरण तथा कार्यस्थल सुरक्षा सामग्री प्रदान गरिनुका साथै ४० जनालाई कार्यस्थलमा आधारित सीपमूलक तथा जीवनोपयोगी तालिम उपलब्ध गराइनेछ, जसका लागि १२ लाख ४५ हजार बजेट विनियोजन गरिएको छ ।

- 'श्रमको सम्मान राष्ट्रको अभियान' कार्यक्रमलाई ९ वटै वडा र समुदायस्तरमा सञ्चालन गर्दै स्थानीय रोजगार रणनीति अनुरुप आन्तरिक रोजगारी प्रवर्द्धन कार्यक्रम एवम् रोजगार सम्वाद मञ्चका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## २. <u>सामाजिक विकासतर्फः</u>

- सबै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षण सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्न, विद्यालयहरुमा आवश्यक फर्निचर व्यवस्थापन गर्न, खेलकूद कार्यक्रमहरु सञ्चालन गर्न, स्थानीय पाठ्यक्रम निर्माण लगायत कक्षा ५ र ८ को परीक्षा सञ्चालन गर्नका लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छु ।

- नगर खेलकूद विकास समिति गठन गरि खेलकूद क्षेत्रको विकास र नगरस्तरका सबै खेलकूद कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्नको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

- विद्यालयहरुमा बालबालिकाहरुको पोषण सुधार गर्नका लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम अन्तर्गत रु. १ करोड ६६ लाख बजेट विनियोजन भएको छ ।

- विद्यालयमा बुक कर्नर, विद्यार्थीहरुको व्यक्तिगत पोर्टफोलियो तयार, इन्टरनेट जडान, विद्यालय सुधार योजना (SIP) निर्माण लगायत व्यवस्थापनको लागि रु. ४६ लाख १८ हजार बजेट विनियोजन भएको छ ।

- विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab र पुस्तकालय व्यवस्थापनका लागि रु. २९ लाख ४६ हजार बजेट विनियोजन भएको छ ।

- विपद्का समयमा सिकाइ निरन्तरताका लागि आपुरण तथा द्रुत सिकाइ योजना REAL Plan का लागि रु. ५ लाख विनियोजन गरेको छु ।

- कक्षा १ देखि १२ सम्म अध्ययनरत बिपन्न छात्रा, दलित विद्यार्थी र अपाङ्ग विद्यार्थीहरुको छात्रवृत्तिका लागि रु. ३५ लाख ९८ हजार बजेट विनियोजन गरिएको छ ।

- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास गर्न विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा सुपरीवेक्षण कार्यक्रम सञ्चालन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न रु. १५ लाख २१ हजार बजेट विनियोजन गरिएको छ ।

- विद्यालयमा अध्ययनरत छात्राहरुको सुरक्षित महिनावारी व्यवस्थित गर्न र विद्यालयहरुमा छात्राहरुको नियमित अध्ययन सहज बनाउन गुणस्तरिय स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. २३ लाख ६४ हजार बजेट विनियोजन भएको छ ।

- विद्यार्थी भर्ना अभिभावकको साथमा – निःशुल्क पाठ्यपुस्तक हातमा भन्ने नीतिलाई कार्यान्वयन गरी सहज रुपमा सबै विद्यालयहरुमा पाठ्यपुस्तक उपलब्ध गर्न रु. २४ लाख ८५ हजार बजेट विनियोजन भएको छ ।

- सबै स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि निःशुल्क रुपमा नगरपालिकाबाट प्रदान गरिदै आएका ९८ प्रकारका औषधिहरुको आपुर्तिका लागि रु. २५ लाख २२ हजार बजेट विनियोजन गरेको छु ।

- महिलाहरुको पाठेघरको क्यान्सर रोगको जोखिम न्यूनिकरणका लागि प्रदान गरिने एच.पी.भी. खोप सञ्चालनका लागि रु. ४ लाख ४९ हजार बजेट विनियोजन गरेको छु ।

- परिवार योजना सेवा, महिलाहरुको प्रजनन् रुग्णता स्वास्थ्य सेवा र किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालनका लागि रु. ३ लाख ५८ हजार बजेट विनियोजन गरेको छु ।

- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम अन्तर्गत रु. ५१ लाख ९४ हजार बजेट विनियोजन गरिएको छ ।

- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका पोशाक प्रोत्साहन, यातायात खर्च, प्रोत्साहन भत्ता का लागि रु. ३३ लाख ६७ हजार बजेट विनियोजन गरिएको छ ।

- मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका क्यान्सर रोगीहरु, मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक रु. ५ हजारका दरले औषधि उपचार खर्च, आमा तथा बच्चाको स्वास्थ्य सुधार कार्यक्रम र १५ महिना मुनीका बालबालिकाहरुलाई पूर्ण खोप दिन रु. १० लाख ८६ हजार बजेट विनियोजन भएको छ ।

- क्षय तथा कुष्ठरोग उपचार व्यवस्थापन, स्वास्थ्य चौकीको न्यूनतम सेवा गुणस्तर सुधार तथा स्वास्थ्य संस्थाबाट दिने सम्पूर्ण उपचारात्मक सेवाका साथै बालरोग उपचार व्यवस्थापन र पाठेघर क्यान्सर, आँखाको निःशुल्क स्वास्थ्य शिविर सञ्चालनका लागि रु. १६ लाख ७९ हजार बजेट विनियोजन गरेको छु ।

- आर्थिक रुपमा कमजोर, बिपन्न, गरीब र जटिल प्रकृतिका बिरामीहरुको उपचार खर्च स्वरुप राहत प्रदान गर्न रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

- बालविवाह, बहुविवाह, बालश्रम, महिला हिंसा, लैंगिक विभेद, जातिय छुवाछुत र छाउपडी कुप्रथा जस्ता सामाजिक विकृतीहरु न्युनिकरण गरी लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई बलियो बनाउनका लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न, बालबालिकाहरुको नगर प्रोफाइल तयार गर्न, 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुको उपचार खर्च लगायत ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रमहरु सञ्चालनका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

- सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालनका लागि रु. १३ करोड ४८ लाख ६४ हजार बजेट विनियोजन भएको छ ।

- सुनौला एक हजार दिनका आमा, बालबालिका र किशोरीहरुको पोषण सुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत रु. २१ लाख बजेट विनियोजन गरेको छु ।

- स्थानीय मेला, पर्व, कला, संस्कृति संरक्षण र सामाजिक अपराध न्यूनिकरणका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।

- विभिन्न संघ-संस्थाहरुमार्फत एक घर, एक धारा र च्याङ जुठ्यान सहित बहुउपयोगि खानेपानी निर्माणका लागि रु. १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकासतर्फः

- नगरको गौरवको आयोजनाको रुपमा सञ्चालनमा रहेको पञ्चदेवल क्याम्पसको १० कोठे पक्की भवन निर्माणका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु ।

- पञ्चदेवल विनायक नगरपालिका अन्तर्गत जनसङ्ख्या, भौगोलिक विकटता, राजश्व संकलन लगायतका विषयलाई आधार बनाउँदै १ देखि ९ वटै वडाहरुको पुँजिगत खर्चका लागि रु. ३ करोड २४ लाख ४५ हजार बजेट विनियोजन गरेको छु र सबै वडा कार्यालयहरुको प्रशासनिक चालु खर्चतर्फ प्रति वडा रु. ३ लाखका दरले रु. २७ लाख विनियोजन गरेको छु ।

- कुईका स्वास्थ्य चौकी र तोली स्वास्थ्य चौकीको भवन निर्माणका लागि रु. १ करोड ८४ लाख बजेट विनियोजन गरेको छु ।

- विद्यालयहरुको भौतिक पूर्वाधार, खेलमैदान, घेरापर्खाल, शौचालय र फर्निचर निर्माणका लागि रु. १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

- नगरभित्रका वडा कार्यालयसम्म वर्षैभरी नियमित सडक सञ्चालन गर्न सडक स्तरोन्नतीका लागि रु. ९० लाख बजेट विनियोजन गरेको छु ।

- नगरभित्रका जोखिम अवस्थामा रहेका झोलुङ्गे पुलहरुको मर्मत सम्भारका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

- नगरपालिकामा सम्भावित विपद् जोखिम न्यूनिकरणका लागि तत्काल राहत, उद्धार र पुनर्स्थापना गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

## ५. सेवा प्रवाह र सुशासन तथा संस्थागत विकासतर्फः

- नगरपालिकाको सेवा प्रवाह, सुशासन, संस्थागत विकास र क्षमता विकास लगायत प्रशासनिक खर्चतर्फ रु. ९ करोड २३ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र सूचना प्रविधिमैत्री बनाई सरल र सहज रुपमा सेवा प्रदान गर्न कार्यालयको भौतिक तथा संस्थागत सुधारका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

बजेट तर्जुमाको क्रममा यस नगरसभा समक्ष पेश गरेका उद्देश्य र प्राथमिकतामा गहन छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा नगरसभा सदस्यज्यूहरुप्रती आभार व्यक्त गर्दछु । साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, समाजसेवी, राष्ट्रसेवक कर्मचारी तथा आम नगरवासीप्रती हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

***हाम्रो रहर, सुन्दर, सभ्य र समृद्ध नगर*** भन्ने हाम्रो नगरको नारालाई साकार रुप दिनका साथै आर्थिक तथा सामाजिक विकास मार्फत समुन्नत नगर निर्माण गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वाश लिएको छ ।

**धन्यवाद ।**

**नमस्कार । जय नेपाल ।**